१. **कर्जा सूचना विनियमावली, २०५९ जारी गर्ने सम्बन्धमा .**

कर्जा सूचना विनियमावली, २०५९ जारी गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्था नियमन विभागबाट पेश भएको विनियमावली बनाउने सम्बन्धी प्रस्ताव समितिमा पेश भई छलफल हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को उपदफा (२) को प्रयोजनको लागि दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त विनियमावली बनाई जारी गर्ने निर्णय भयो ।

“ नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को उपदफा (२) को प्रयोजनको लागि दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको संचालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी विनियमहरुको नाम “नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९” रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,–

(क) “ऐन” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) “बैंक” भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) “केन्द्र” भन्नाले यस विनियमावलीको विनियम ३ बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्र सम्झनु पर्छ ।

(घ) “प्रमुख” भन्नाले केन्द्रको कार्यकारी प्रमुखको रुपमा काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) “व्यवस्थापन समिति” भन्नाले केन्द्रको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) “वाणिज्य बैंक” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको वाणिज्य बैंक सम्झनु पर्छ ।

(छ) “वित्तीय संस्था” भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप संकलन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना

भएको वित्तीय संस्था सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएको संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद - २

### केन्द्रको स्थापना तथा काम, कर्त्तव्य र अधिकार

३. केन्द्रको स्थापना : (१) अर्को व्यवस्था नभएसम्म हाल नेपाल बैंकर्स संघ अन्तर्गत रहेको कर्जा सूचना केन्द्रलाई बैंकले स्थापना गरेको कर्जा सूचना केन्द्र मानिनेछ ।

(२) व्यवस्थापन समितिको काम, कर्त्तव्य, अधिकार एवं केन्द्रको लेखा तथा लेखापरीक्षण कार्य बैंकबाट स्वीकृत भएको कर्जा सूचना केन्द्र सम्बन्धी छुट्टै विनियम बमोजिम हुनेछ ।

(३) बैंकले केन्द्रको संचालनको लागि समय समयमा निर्णय गरी आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने छ ।

(४) केन्द्रको प्रमुखको नियुक्ति बैंकले गर्नेछ ।

४. केन्द्रको काम, कर्त्तव्य र अधिकार : केन्द्रको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वाणिज्य बैंक तथा वित्तीय संस्थाका ऋणी तथा सम्भाव्य ऋणीहरुको साख सम्बन्धी आवश्यक सूचनाहरु संकलन गरी उक्त सूचना तथा विवरणहरु प्रशोधन र अद्यावधिक गर्ने,

(ख) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई शुल्क लिई वा नलिई कर्जा सूचना उपलब्ध गराउने,

(ग) बैंकले माग गरेमा वा सिफारिश गरेमा स्वदेशी वा विदेशी संस्था वा निकायलाई शुल्क लिई वा नलिई कर्जा सूचना उपलब्ध गराउने,

(घ) वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई समयमा कर्जा नतिर्ने, कर्जा दुरुपयोग गर्ने ग्राहक, ऋणी तथा बैंकिङ्ग अपराधमा संलग्न व्यक्तिहरुलाई बैंकले जारी गरेको निर्देशन बमोजिम कालोसूचीमा समावेश गर्ने तथा त्यस्तो सूचीबाट हटाउने,

(ङ) वाणिज्य बैंक तथा वित्तीय संस्थाले केन्द्रमा दिनु पर्ने ऋणीहरुको विवरण समयमै उपलब्ध गराए, नगराएको, कर्जा प्रवाह गर्नु अघि कर्जा सूचना लिए, नलिएको तथा उपलब्ध गराएको विवरण अद्यावधिक भए, नभएको सम्बन्धमा केन्द्रले वाणिज्य बैंक तथा वित्तीय संस्थाको अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन बैंकमा पेश गर्ने । यस्तो निरीक्षण तथा सुपरिवेक्षण केन्द्रले आफ्ना

कर्मचारी खटाई स्थलगत रुपमा वा विवरण तथा सूचनाहरु केन्द्रमै झिकाई गर्न सक्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जा, सुविधा तथा सो सम्बन्धी आवश्यक सूचनाहरुको विवरण संकलन गर्ने सम्बन्धमा आवश्यक पर्ने ढाँचा तयार गरी बैंकलाई सिफारिश गर्ने,

(छ) कार्य सम्पादन गर्ने सिलसिलामा देशभित्र वा बाहिरका संस्थाहरुसँग सूचनाहरु आदान, प्रदान गर्ने,

(ज) आफ्नो कार्यसँग सम्बन्धित विषयमा देश भित्र वा बाहिरका संगठित संस्थाहरुसँग सम्झौता गर्ने,

(झ) कर्जा सूचना प्रदान गर्दा लाग्ने सेवा शुल्क, कालोसूचीमा समावेश गर्दा र त्यस्तो सूचीबाट हटाउँदा लाग्ने शुल्क तथा अन्य सेवा शुल्कहरु तोक्ने,

(ञ) बैंकले जारी गरेको निर्देशनको अधिनमा रही वाणिज्य बैंक तथा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिने,

(ट) केन्द्रको सदस्यता सम्बन्धी र सेवाको कार्यविधि निर्धारण गर्ने,

(ठ) केन्द्र उपर पर्न आएका नालिस उजुरको प्रतिरक्षा गर्ने वा केन्द्रको तर्फबाट कुनै व्यक्ति उपर नालिस उजुर गर्ने,

(ड) आफ्नो प्रयोजनको लागि चल अचल सम्पत्ति खरीद विक्री गर्ने, भाडा वा पट्टामा लिने, दिने, धितो बन्धक राख्ने वा राख्न दिने,

(ढ) आवश्यकता अनुसार बैंक लगायत अन्य वाणिज्य बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने,

(ण) बैंकको स्वीकृति लिई आवश्यक कर्मचारीहरुको नियुक्ति तथा सेवाका शर्त तथा सुविधा निर्धारण गर्ने,

(त) कर्जा सूचना सम्बन्धी सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया तथा तालिम कार्यक्रम संचालन गर्ने,

(थ) आफ्नो कार्य संचालन गर्ने प्रयोजनका लागि आवश्यक रकमको व्यवस्था गर्न सेवा शुल्क असुल गर्ने र संचित रहेको कोषलाई उचित प्रतिफल आउने क्षेत्रमा लगानी गर्ने, अनुदान लिने तथा बैंकको स्वीकृति लिई ऋण लिने, र

(द) बैंकले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ३

### विविध

५. केन्द्रमा विवरण पठाउनु पर्ने: बैंकले तोकेको ढाँचा र निर्धारित समय भित्र वाणिज्य बैंक तथा वित्तीय संस्थाले केन्द्रमा अनिवार्य रुपमा विवरण पठाउनु पर्नेछ ।

६. कालोसूची सम्बन्धी व्यवस्था: (१) बैंकद्वारा जारी गरिएको निर्देशनको अधिनमा रही वाणिज्य बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहक, ऋणी तथा बैंकिङ्ग अपराधसँग सम्बन्धित अन्य व्यक्तिहरुलाई कालोसूचीमा समावेश गर्न वा त्यस्तो सूचीबाट हटाउन केन्द्रमा निवेदन दिनु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिम प्राप्त विवरण उपर यकिन गरी त्यस्ता ग्राहक, ऋणी तथा व्यक्तिहरुलाई केन्द्रले कालोसूचीमा राख्न वा त्यस्तो सूचीबाट हटाउन सक्नेछ ।

(३) केन्द्रले वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट प्राप्त भएको विवरणहरुको आधारमा कुनै ग्राहक, ऋणी वा बैंकिङ्ग अपराधसँग सम्बन्धित व्यक्ति बैंकको निर्देशन बमोजिम कालोसूचीमा समावेश हुनु पर्ने अवस्था देखेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग यकिन गरी कालोसूचीमा राख्न वा त्यस्तो सूचीबाट हटाउन सक्नेछ ।

७. बैंकले निर्देशन जारी गर्न सक्ने: (१) ऐनको दफा ८८ को उपदफा (१) मा उल्लिखित कार्यहरुलाई व्यवस्थित गर्न, गराउन बैंकले केन्द्र, वाणिज्य बैंक तथा वित्तीय संस्थालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उप विनियम (१) बमोजिम बैंकले दिएको निर्देशनको पालना गर्नु केन्द्र, वाणिज्य बैंक तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

८. बैंकले कारवाही गर्ने: (१) बैंक वा केन्द्रले दिएको निर्देशन पालना नगर्ने तथा उल्लंघन गर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैंकले ऐन बमोजिम आवश्यक कारवाही गर्न सक्नेछ ।

(२) यस विनियमावली बमोजिम केन्द्रले सम्पादन गर्नुपर्ने कार्यको जिम्मेवारी व्यवस्थापन समिति तथा केन्द्रका प्रमुखको हुनेछ । ”